सक्षम महिला समानान्तर पाइला कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

मानननीय मन्त्रीस्तरबाट स्वीकृत मिति-
२०७९/०४/३१

प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

# सक्षम महिला समानान्तर पाइला कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । हरेक नागरिकले काम गर्न पाउने अवसर सुनिश्चित गर्न विद्यमान श्रमशक्तिलाई दक्ष र व्यावसायिक वनाउन जरुरी छ । श्रमशक्तिलाई समसामयिक रुपमा दक्ष र व्यावसायिकताको अभिवृद्धि हुन नसक्नु वेरोजगारीको प्रमुख कारण हो । हिंसा पीडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडी परेका र पारिएका महिला वर्गको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरुलाई उद्यमी वन्नको लागि प्रोत्साहन गर्न र उद्यमीहरुको स्तरोन्नतीका लागि उद्यमशीलता विकास वित्तिय प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी/व्यवसायी बन्न सहयोग पुऱ्याउनुका साथै आवश्यकतानुसार सीपमूलक तालिमहरु समेत संचालन गर्न यो मापदण्ड तयार गरिएको हो ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "**सक्षम महिला समानान्तर पाइला कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९**" रहेकोछ।

(२) यो मापदण्ड स्वीकृत भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस मापदण्डमा,

(क) “मन्त्रालय” भन्नाले शिक्षा, सँस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला स्थित सामाजिक विकास कार्यालय सम्झनु पर्छ ।

(ग) "संस्था" भन्नाले प्रचलित कानुन वमोजिम दर्ता भएका सामाजिक संस्था सम्झनु पर्छ र सो शब्दले महिला सहकारी संस्था तथा आमा समूहहरुलाई समेत जनाउँछ ।

(घ) "प्रविधि" भन्नाले महिला उद्यमीले संचालन गर्ने वा संचालन गरेको उद्यम/व्यवसायलाई स्तरोन्नती गर्न सहयोग पुऱ्याउने र उत्पादित वस्तु वा सेवालाई गुणस्तरीय वनाउन प्रयोग गरिने आधुनिक मेशिनरी औजार/उपकरणलाई सम्झनुपर्छ ।

(ङ) "बजारीकरण" भन्नाले उद्योगबाट हुने उत्पादन मूल्य निर्धारण प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनुपर्छ ।

(च) "कोशेली घर वा सौगात गृह" भन्नाले उद्यमीले संचालन गरेका उद्योगबाट उत्पादित सामान संकलन गरी विक्रि वितरण गर्ने कक्षलाई सम्झनु पर्छ ।

(छ) "महिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय संचालनका लागि जोखिम वहन गरी लगानी गर्न चाहने वा लगानी गरिरहेका महिला वा महिला उद्यमी समूहलाई सम्झनुपर्छ।

३. **उद्देश्यः** (क) महिलाहरुको उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधिमा सहयोग गर्नु ।

(ख) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि पूँजी र प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,

(ख) महिलाहरुको लागि सीप तथा व्यवसायिकता विकास तालिम संचालनमा सहयोग गर्नु।

(ग) रोजगार स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउनु ।

४. **कार्यक्रम संचालनः** (१) मन्त्रालयले कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा महिला उद्यमीहरुको लागि देहाय बमोजिमका कागजातहरु सहित प्रस्ताव पेश गर्नको लागि राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको सूचना प्रकाशन गर्नेछ।

(क) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(ख) जिल्लास्थित सामाजिक विकास कार्यालयको सिफारिस पत्र

(ग) उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,

(घ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,

(ङ) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(च) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,

(छ) व्यावसायिक योजना र आवश्यक प्रविधि/औजार/सामग्री

५. **कार्यक्रम संचालनका लागि बजेटको भारः** मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा कार्यक्रमको कुल बजेटबाट प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिको वैठक तथा वैठक व्यवस्थापन, व्यक्ति/समूह/संस्थालाई कार्यक्रमको अभिमुखिकरण, अनुगमन लगायतका शिर्षकहरुमा वढिमा रु. ७०००००। (सात लाख) खर्च गरी बाँकी बजेटको ६० प्रतिशत बजेट सीपमूलक तालिमतर्फ र ४० प्रतिशत बजेट महिला उद्यमशीलतातर्फ खर्च गरि कार्यान्वयन हुनेछ ।

६. **छनौटका आधारहरुः** (१) मन्त्रालयले देहायका आधारमा महिला उद्यमी वा उद्यमी समूह छनौट गर्नेछ ।

(क) उद्यम/व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत समस्या भएका,

(ख) तुलनात्मक रुपमा उपयुक्त व्यवसायिक योजना पेश गरेका,

(ग) स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योग व्यवसाय संचालन गरेका वा गर्न चाहने,

(घ) मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल खेती, होजीयारी, कुखुरापालन, पशुपालन, विभिन्न उद्योग तथा निर्माण सम्बन्धी कार्य, अल्लो तथा ढाका बुनाई, गुडिया, मौरीपालन, किराना पसल, होटल,

ब्यूटिपार्लर, नेल आर्ट, माछापालन एवम् परम्परागत सीप र प्रविधिमा आधारित महिला वा महिला समूहबाट संचालित उद्योग वा व्यवसाय।

(ङ) मन्त्रालयबाट महिला उद्यमीहरुबाट प्राप्त प्रस्ताव सहितका कागजातहरुलाई अनुसूचि १ बमोजिम मूल्याङ्कन गरिनेछ र सोही बमोजिम अंकभार कायम गरी रकम निर्धारण गर्नेछ।

(२) मन्त्रालयले उद्यमीको नाम छनौट गर्नुपूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) प्राप्त कागजातहरु एवम् स्थलगत अनुगमन समेतका आधारमा मन्त्रालयले महिला उद्यमी र उद्यमी समूह छनौट गर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएका महिला उद्यमी वा उद्यमी समूहलाई मन्त्रालयले प्रविधि सहयोग गर्नेछ।

७. **प्रविधि सहयोगः** (१) महिला उद्यमी वा उद्यमी समूहलई उपलब्ध गराइने प्रविधि सहयोगको रकमको सिमा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही हुनेछ।

(२) मन्त्रालयले छनौट भएका महिला उद्यमी वा उद्यमी समूहलाई प्रविधि वापत सहयोग रकम उपलब्ध गराउनु पूर्व अनुसूचि २ (क) र २ (ख) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) मन्त्रालयले उद्यमी महिला तथा उद्यमी महिला समूहलाई प्रविधि सहयोगको लागि प्रचलित कानुन बमोजिम कोटेशन माग गर्न सक्नेछ ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम प्राप्त कोटेशनको मूल्याङ्कन गरि प्रचलित कानुन बमोजिम कोटेशनमा उल्लेखित सामग्री/प्रविधि खरिद गर्न सम्बन्धित महिला उद्यमी वा उद्यमी समूहलाई पूर्व स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम खरिद गरेको सक्कलै विल भर्पाई सहित अनुसूचि ३ बमोजिमको ढाँचामा प्रविधि (मेसिन तथा उपकरण) जडानको फोटो समेत संलग्न राखि सम्बन्धित वडाको सिफारिस सहित उद्यमी वा उद्यमी समूहले मन्त्रालयमा शोधभर्नाको लागि निवेदन दिनुपर्नेछ ।

८. **सीपमूलक तालिम संचालन प्रक्रियाः (१)** मन्त्रालयले सीपमूलक तालिम संचालन गर्नको लागि तालिम प्रदायक संस्थाहरुसँग वढिमा ७ (सात) दिनको तालिम संचालन गर्ने गरी तपसिल बमोजिमका कागजातहरु सहित अनुसूची ४ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ।

क. संस्था दर्ताको प्रमाणपत्र

ख. नविकरणको प्रमाणपत्र

ग. कर चुक्ताको प्रमाणपत्र

घ. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

ङ. सामाजिक विकास कार्यालयको सिफारिस पत्र

च. सीपमूलक तालिम संचालन सम्बन्धी विस्तृत कार्ययोजना सहितको प्रस्तावना

छ. विगत तीन वर्षमा संचालन गरेका तालिम कार्यक्रमहरुको विवरण

(२) सीपमूलक कार्यक्रम संचालनको लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूचि ५ मा उल्लेख गरिए वमोजिम हुनेछ र सोही आधारमा सम्झौता गरिनेछ ।

९. **भुक्तानी प्रकृयाः** मन्त्रालयबाट छनौटमा परेका महिला उद्यमी तथा उद्यमी समूह र सीपमूलक तालिम संचालन गर्ने संस्थाहरुलाई निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यकता अनुसार सोको अनुगमन गरी गराई सम्बन्धित संस्थाको बैंक खातामा रकम उपलब्ध गराउनेछ ।

१०. **अभिलेखिकरणः** (१) सीपमूलक तालिम संचालन गर्ने संस्थाहरुले तालिममा सहभागी भएर सीप सिकेका व्यक्तिहरुको अभिलेख तयार गरी तालिम सम्पन्न भएको १५ दिन भित्र जिल्लास्थित सामाजिक विकास कार्यालयमा पेश गर्नुपर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय सम्बन्धित सामाजिक विकास कार्यालय वा मन्त्रालयले तोकेको निकाय/व्यक्ति समेतबाट हुनेछ ।स्थानीय तहले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछन् ।

(२) छनौटमा परेका महिला उद्यमी तथा उद्यमी समूह र सीपमूलक तालिम संचालनका लागि छनौट भएका संस्थाहरुसँग मन्त्रालयले सम्झौता पश्चात् अभिमुखिकरण कार्यक्रम तथा तालिम संचालनका क्रममा आवश्यकता अनुसार अनुगमन गरी निर्देशन समेत दिन सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. संशोधन तथा हेरफेरः मन्त्रालयले आवश्यक देखेमा यस मापदण्डमा संशोधन एवं हेरफेर गर्न सक्नेछ।

# अनुसूची १

## दफा ५ (१) ङ सँग सम्बन्धित

| मूल्याङ्कनका आधार | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारी संख्या (१० जना भन्दा वढिलाई रोजगारी प्रदान गरेको भएमा अ धकतम अंक दिने) | | रोजगार प्राप्त महिलाको संख्या (सवै रोजगारी प्राप्त गर्ने महिला भएमा अ धकतम अंक दिने) | | उद्योग संचालन अव ध (वर्ष अनुसार अंक वढाउने, तीन वर्ष पूरा भए न्यूनतम र तीन वर्ष भन्दा वढि भएमा प्रत्येक वर्ष १ अंकको दरले बढाउने) | | महिलाहरुलाई उद्यमी बनाउन सहयोगी कार्यक्रम संचालन गरेको ( लेव लङ प्याकेजिङ वजारीकरण सीप वकसा तथा उद्यमशीलता वकास सम्बन्धी ता लम संचालन गरेको प्रमा णत हुने कागजात) | | गत वर्ष यसै वमोजिमको कार्यक्रम परे नपरेको | | मन्त्रालयको आन्तरिक मूल्याङ्कन | जम्मा प्राप्ताङक |
| अ धकतम अंक ७ | न्यूनतम अंक ५ | अ धकतम अंक ७ | न्यूनतम अंक ५ | अ धकतम अंक १० | न्यूनतम अंक ५ | अ धकतम अंक १० | न्यूनतम अंक ५ | परेको अंक ० | नपरेको अंक ८ | अंक ८ | |
| | | | | | | | | | | | |

अनुसूचि- २(क)

दफा ७ को उपदफा (२)सँग सम्बन्धित

टेवा पूँजि प्रविधि हस्तान्त्रणको सम्झौता

लिखितम् .................... जिल्ला ....................महा/नपा/गापा वडा नं ........... वस्ने म....................................(उद्योग दर्ता नं ..........................दर्ता मिति...........................) मन्त्रालयको सक्षम महिला समानान्तर पाइला कार्यक्रम अन्तर्गतको प्रविधि सहयोग कार्यक्रमबाट निम्न विवरणको मेशिन/औजार/उपकरण प्रविधि लिएको छु । मैले वुझेको मेसिन/औजार/उपकरणहरु आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु । उक्त मेसिन/औजार/उपकरण आजका मितिले पाँच वर्षसम्म कसैलाई पनि विक्रि वितरण वा हक हस्तान्त्रण गर्ने वा भाडामा दिने छैन । यो सम्झौता विपरित गरेमा नियमानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता गरी कानुन बमोजिम कारवाही भएमा व्यहोर्न राजी छु भनी यो सम्झौता गरिदिएँ लिएँ ।

प्राप्त गरेको मेसिन/औजार/उपकरणहरुको विवरण

| सि नं | मेसिन/औजार/उपकरणहरुको नाम | परिमाण | प्रति इकाई दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**मन्त्रालयको तर्फबाट**

नामः

पदः

दस्तखतः

मितिः

**महिला उद्यमीको तर्फबाट**

नामः

पदः

दस्तखतः

मितिः

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

नामः

पदः

दस्तखतः

मितिः

अनुसूचि- २ (ख)

दफा ७ को उपदफा (२)सँग सम्बन्धित

टेवा पूँजि प्रविधि हस्तान्त्रणको सम्झौता

लिखितम् .................. जिल्ला ..................महा/नपा/गापा वडा नं ........... मा रहेको मेरो समूह..................................(उद्योग दर्ता नं .........................दर्ता मिति..........................) मन्त्रालयको सक्षम महिला समानान्तर पाइला कार्यक्रम अन्तर्गतको प्रविधि सहयोग कार्यक्रमबाट निम्न विवरणको मेशिन/औजार/उपकरण प्रविधि लिएको छौं । वुझेको मेसिन/औजार/उपकरणहरु आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछौं । उक्त मेसिन/औजार/उपकरण आजका मितिले पाँच वर्षसम्म कसैलाई पनि विक्रि वितरण वा हक हस्तान्त्रण गर्ने वा भाडामा दिने छैनौं । यो सम्झौता विपरित गरेमा नियमानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता गरी कानुन बमोजिम कारवाही भएमा व्यहोर्न राजी छु भनी यो सम्झौता गरिदियौं लियौं।

प्राप्त गरेको मेसिन/औजार/उपकरणहरुको विवरण

| सि नं | मेसिन/औजार/उपकरणहरुको नाम | परिमाण | प्रति इकाई दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**मन्त्रालयको तर्फबाट**

नामः

पदः

दस्तखतः

मितिः

**महिला उद्यमी समूहको तर्फबाट**

नामः

पदः

दस्तखतः

मितिः

**रोहवर**

नामः

पदः

दस्तखतः

मितिः

नामः

पदः

दस्तखतः

मितिः

अनुसूचि-३

दफा ७ को उपदफा (५)सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू
शिक्षा सँस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल।

विषयः शोधभर्ना पाउँ।

महोदय,

म/मेरो समूह यस मन्त्रालयको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत छनौट भई मन्त्रालयको पूर्व स्वीकृति लिई उद्यम/व्यवसायसँग सम्बन्धित ………………… मेशिन/उपकरण खरिद गरि जडान समेत गरेको हुँदा सोको सक्कलै विल भर्पाई र मेशिन/उपकरणको फोटो र देहायका कागजातहरु सहित संलग्न गरेको छु/छौं । उक्त विल भर्पाई बमोजिमको म/मेरो समूहले पाउने रु………………. (अक्षेरुपी………………….) मात्र भुक्तानी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौं। अन्यथा भएमा सहुँला/बुझाउँला।

**<u>निवेदक</u>**

नामथरः
ठेगानाः
सम्पर्क नः
उद्योग/व्यवसायको नामः
दर्ता नः
दस्तखतः

## अनुसूची ४

### दफा ८ को उपदफा १ सँग सम्बन्धित

### सीपमूलक तालिम संचालनको लागि संस्थाहरुले पेश गर्ने प्रस्तावको ढाँचा

| | |
|---|---|
| १. संस्थाको नामः | २. कार्यक्रमको नामः |
| ३. ठेगानाः | ४. संस्था स्थापना मितिः |
| ५. कार्यक्रमको उद्देश्यः | ६. संस्थाको कार्यक्षेत्रः |

७. कार्यक्रमबाट संचालन हुने मुख्य मुख्य क्रियाकलापहरुः

८. कार्यक्रम सञ्चालन गर्दा लाग्ने अनुमानित लागतः ९. मन्त्रालयमा माग गरेको अनुदान रकमः

१०. अनुमानित प्रतिफलः

| | |
|---|---|
| ११. कार्यक्रम संचालन अवधिः | १२. संस्थाबाट विगत ३ वर्षमा सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरुः |

१३. कार्यक्रम सञ्चालन गर्न भौतिक पूर्वाधार तथा संरचनाको अवस्था/स्थितिः

१४. गत आ.व.सम्मको लेखापरीक्षण प्रतिवेदनः

१५. कार्यक्रम सम्पन्न गर्दा लाग्ने समयः

१६. कार्यक्रमबाट लाभान्वित महिला संख्या

१६. कार्यक्रमको लागि संस्थाको लागत साझेदारीको अवस्थाः (रकम रु .......................)

१७. स्थानीय तहको सहकार्यको अवस्थाः

१८. संस्थामा तालिम दिन सक्ने प्राविधिक जनशक्तिको अवस्थाः

प्रस्ताव पेश गर्ने संस्थाको तर्फबाट

नामः

पदः

दस्तखतः छापः

अनुसूची-५

दफा ८ को (२) सँग सम्बन्धित

| सीपमूलक ता लम संचालनका ला ग मूल्याङ्नका आधारहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संस्थाको सेवा अव ध (५ अंक) | | ता लमको ला ग संस्थाको लागत साझेदारी (१० अंक) | | संस्थामा प्रा व धक जनशक्तिको उपलब्धता (१० अंक) | | सीपमूलक ता लमको अव ध (५ अंक) | | संस्थाको कार्यसम्पादन को समग्र मूल्याङ्कन (२० अंक) | जम्मा प्राप्ताङ्क |
| ३ वर्ष सम्म (३ अंक) | ३ वर्ष वा सो भन्दा वढि ५ वर्ष सम्म (५ अंक) | ५ प्रतिशत भन्दा कम भए (५) | ५ प्रतिशत वा सो भन्दा बढि भए (१०अंक) | आफ्नै जनशक्ति भएमा (१० अंक) | बजारबाट सेवा परामर्श लनुपर्ने भए (५ अंक) | ता लम अव ध ५ दिन सम्म भए (३ अंक) | ता लम अव ध ७ दिन भन्दा बढि भए (५ अंक) | | |
| - | - | - | - | - | - | | | - | |
| | | | | | | | | | |